लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय
# लिवाङ, रोल्पा

"सम्वृद्धीको लागि वन"

पत्र संख्या : योजना /०७८/७९

## डिभिजन वन कार्यालय, रोल्पाको विरुवा माग गर्ने सम्बन्धी जरुरी सूचना !!!
### (प्रथम पटक सूचना प्रकासित मिति : २०७९/०२/३१)

यस कार्यालयको आ.व. २०७८/७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार रोल्पा जिल्ला भित्रका उपभोक्ता तथा कृषकहरुको लागि कागती, चिउरी, तेजपात लगायत अन्य जडीबुटी तथा वनजन्य विरुवाहरु वितरण गर्ने कार्यक्रम रहेकाले इच्छुक उपभोक्ता तथा कृषकहरुले तपसिल बमोजिमको कागजात सहित ७ (सात) दिन भित्र यस कार्यालय र यस अन्तर्गतका आफूलाई पायक पर्ने सव डिभिजन वन कार्यालयहरुमा माग गर्नुहुन अनुरोध गरिन्छ ।

क. पेश गर्नुपर्ने कागजातहरु

१. समूहको हकमा समूहको निर्णयको प्रमाणित प्रतिलिपि र निवेदन — माइन्युटिङमा निर्णय गर्दा कुन जातको विरुवा कति रोपण गर्न चाहेको हो स्पष्ट खुलाउनुपर्नेछ र निवेदनमा समेत सो कुरा उल्लेख गर्नुपर्नेछ। वृक्षारोपण गर्नुपर्ने विरुवा संख्या १००० भन्दा बढी भएमा सम्बन्धित सव डिभिजनका प्राविधिकको सहयोगमा वृक्षारोपण क्षेत्रको नक्सांकन समेत गराउनुपर्नेछ।

२. कृषक तथा व्यक्तीको हकमा खेति वा वृक्षारोपण गरिने जग्गाको कित्ता नं. र क्षेत्रफल उल्लेख गरी सो को तिरो तिरेको रसिद वा जग्गा धनी पुर्जाको फोटोकपि, नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपि, विरुवाको जात अनुसारको संख्या र सम्पर्क नं. समेत उल्लेख गरी रु. १० को टिकट सहितको निवेदन पेश गर्नुपर्नेछ ।

३. डिभिजन वन कार्यालय वा मेबाङ, सुलिचौर, किलाचौर, पोबाङ, होलेरी, जुँगार, घर्तिगाउँ, ओबाङ स्थित सव डिभिजन वन कार्यालयहरुमा तोकिएका कागजात सहित म्यादभित्र विरुवा माग गर्नुपर्नेछ । विरुवाको माग धेरै भएमा स्रोतको उपलब्धताको आधारमा उपलब्ध हुने संख्या घटाउन सकिनेछ।

४. सबै माग संकलन पश्चात के कति विरुवा उपलब्ध हुने भन्ने जानकारी गराइने छ ।

५. प्राप्त हुने विरुवा संख्या एकिन भएपश्चात उपयुक्त साइजको खाल्टा खन्ने र मल हाल्ने कार्य गरिसकेपछि मात्र विरुवा उपलब्ध हुनेछ । विरुवा उपलब्ध गराउदा सम्भव भएसम्म नजिकको सडकसम्म ढुवानी गरिदिने कार्यमा कार्यालयले सहयोग गर्नसक्नेछ । थप जानकारीको लागि यस कार्यालयको फोन नं. ०८६-४४०११२ वा मोबाइल नं. ९८५७८७७०१८ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

०७९।०२।३१

निमित्त डिभिजनल वन अधिकृत